आज मिति २०७६ साल वैशाख ६ गते विहान ७ : ३० वजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र वहादुर चन्दको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितीमा कार्यपालिका वैठक बसी तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र वहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द वहादुर वुढा, वडा अध्यक्ष वडा नं. २
श्री उदय बहादुर खड्का,का.वा. वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम वहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री वल वहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण वहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम वहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान वहादुर वुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम वहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत आठौं
श्री शिशिर कुमार खड्का, योजना शाखा प्रमुख
श्री कुल वहादुर खड्का, ना.सु.
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री रेविका परियार, सरसफाईकमी सहयोगी

Scanned by CamScanner

**प्रस्ताव नं. १ : वडाको दुरी प्रमाणित सम्बन्धमा ।**

निर्णय नं. १ : प्रस्तुत विषयमा यस नगरपालिकाको केन्द्र छिन्चुदेखि वडा कार्यालयहरुसम्मको तपसिल बमोजिमको दुरी प्रमाणित गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | दुरी (कि.मी) | कैफियत |
|---|---|---|---|
| १ | १ | २० किलोमिटर | |
| २ | २ | १९ किलोमिटर | |
| ३ | ३ | १४ किलोमिटर | |
| ४ | ४ | २ किलोमिटर | |
| ५ | ५ | ४ किलोमिटर | ववई क्षेत्र २५ कि.मी. |
| ६ | ६ | १६ किलोमिटर | |
| ७ | ७ | १७ किलोमिटर | |
| ८ | ८ | १५ किलोमिटर | |
| ९ | ९ | १२ किलोमिटर | |
| १० | १० | १ किलोमिटर | |
| ११ | ११ | ४ किलोमिटर | |
| १२ | १२ | ० किलोमिटर | |
| १३ | १३ | ८ किलोमिटर | |

**प्रस्ताव नं. २ : सामाजिक परिचालक तथा अन्य करार र ज्यालादारीको लागि पोषाक सम्बन्धमा ।**

निर्णय नं. २ : प्रस्तुत विषयमा यस नगरपालिकामा कार्यरत सामाजिक परिचालक, अन्य करार तथा दैनिक ज्यालादारीहरुलाई पोषाक भत्ता वापत ५ हजार रुपैयाँ पोषाक शिर्षकवाट प्रदान गर्ने र अपुग भएमा तलबबाट रकमान्तर गरी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ योजना सम्झौता सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकाको चौथो नगरसभावाट योजना सम्झौता अवधि २०७५ साल चैत्र मसान्तसम्म कायम गरिएको भएपनि अझै केही योजनाहरु सम्झौताको क्रममा रहेकोले २०७६ साल वैशाख मसान्तसम्म सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : खानेपानी आयोजना छनौट गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : प्रस्तुत विषयमा नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग सहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना, आयोजना व्यवस्थापन कार्यालयबाट मिति २०७५।१२।१ गते प्रकाशित सूचना बमोजिम उक्त प्रस्तावको सम्बन्धमा यस नगरपालिकाको खानेपानीको अति प्रभावित रहेको यस नगरपालिकाको वडा नं. ६, ७, ८ र ९ मैनतडामा भेरी नदीबाट पानी लिफ्ट गरी लेखभिंनीवाट खानेपानी वितरणको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : औद्योगिक ग्राम सम्बन्धमा ।**

निर्णय नं. ५ : प्रस्तुत विषयमा नेपाल सरकार उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको औद्योगिक ग्राम स्थापनासम्बन्धी सूचना बमोजिम आवश्यक प्रक्रिया पुरा गरी प्रदेश सरकारबाट सिफारिससहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : अटोको रुट तोक्न सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६ : प्रस्तुत विषयमा यस नगरपालिकाको अटो रिक्साको रुट निर्धारण गर्ने सम्बन्धमा कार्यविधि बमोजिमको १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा ।**

निर्णय नं. ७ : प्रस्तुत विषयमा यस नगरपालिकाका लागि ४ जना अ.स.ई चौथो तह सरह र ल्याव असिस्टेन्ट ४ जना, अहेब ६ जना, अनमी ६ जना र सहयोगी ६ जना करारमा भर्ना लिने सम्बन्धमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्ताव नं. ८ : राहत रकम सम्बन्धमा ।**

निर्णय नं. ८ : प्रस्तुत विषयमा यस नगरपालिकाको नगर खेलकुद कार्यक्रम संचालन भईरहेको अवस्थामा हात भाचिन गई खेलाडी भक्त बहादुर बुढालाई १० हजार रुपैयाँ प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : अतिक्रमण हटाउने सम्बन्धमा ।**

निर्णय नं. ९ : प्रस्तुत विषयमा यस नगरपालिकाको पशु विकास शाखा र नगरपालिका कार्यालयको बीच भाग र नगरपालिकाको कम्पाउन्डभित्र बंगुरपालन कार्य गरी बसेकालाई ७ दिने सूचना प्रकाशन गरी हटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : अपांगता परिचयपत्र वितरण गर्ने समिति सदस्यसम्बन्धमा ।**

निर्णय नं. १० : अपांगता परिचयपत्र वितरण कार्य गर्ने स्थानीय समन्वय समितिका लागि नगर कार्यपालिका सदस्य श्री विष्णु खत्रीलाई तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : छिन्चु बजारबाट खोला जाने बाटोमा रहेको बरपिपलको हाँगा काट्ने सम्बन्धमा ।**

निर्णय नं. ११ : छिन्चु बजारबाट खोला जाने बाटोमा रहेको बरपिपलको हाँगा काट्ने सम्बन्धमा अनुमति प्रदान गर्ने निर्णय गरियो । सो कार्यका लागि आवश्यक पर्ने रकम बढीमा ५ हजार रुपैयाँ प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : ग्राभेल सम्बन्धमा ।**

निर्णय नं. १२ : प्रस्तुत विषयमा यस नगरपालिकाको सडक योजनाहरुमा ग्राभेलका लागि भेरीको कच्चा पदार्थ उठाउनका लागि प्राविधिकको राय लिई प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : एम्बुलेन्स खरिदका लागि अनुरोध गर्ने सम्बन्धमा ।**

निर्णय नं. १३ : यस नगरपालिकाको मिति २०७५/३/३० गते सम्पन तेश्रो नगरसभाले यस नगरपालिका अन्तर्गत दुईवटा एम्बुलेन्स खरिद गर्ने बजेट विनियोजन गरेको सन्दर्भमा यस नगरपालिकामा अवस्थित नेपाल रेडक्रस सोसाइटी उपशाखा छिन्चु तथा स्वास्थ्य चौकी मैनतडाबाट संचालन हुने गरी दुईवटा एम्बुलेन्स गरिद गरी जनतालाई सेवा प्रवाह गर्न आवश्यक रहेको हुँदा 'स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट सम्बन्धि मापदण्ड-२०७५' को दफा ३ बमोजिम पूर्व स्वीकृतीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयसँग पूर्व सहमति लिनुपर्ने भएकोले सोही मापदण्डको दफा ९ को प्रयोजनका लागि एम्बुलेन्स सेवा संचालन निर्देशिका, २०७३ को दफा ५ मा गठित जिल्ला एम्बुलेन्स सेवा संचालन समितिलाई अनुरोध गरी सिफारिस माग गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ : सिमांकन सम्बन्धमा ।**

निर्णय नं. १४ : प्रस्तुत विषयमा यस नगरपालिकाको साविक छिन्चु गाविस वडा नं. १ भई हाल भेरीगंगा नगरपालिका वडा नं. ५ अन्तरगत पर्ने हर्रे दक्षिण पानीढल गेरुवानी हात्तिखाल क्षेत्र विगतदेखि नै सुर्खेत जिल्ला अन्तरगत रहेको, मतदाताहरुले सुर्खेततर्फ नै मतदान गर्ने गरेको, जग्गाधनी प्रमाणपत्र पुर्जा र श्रेस्ताहरु सुर्खेत जिल्ला कै नाममा भएको र सो भाग हाल भेरीगंगा नगरपालिका वडा नं. ५ अन्तरर्गत रहेको हुँदा साविक नक्सामा हर्रे दक्षिण पानी ढल र हालको नक्सामा समेत सो क्षेत्रलाई भेरीगंगा नगरपालिका वडा नं. ५ मा रहने गरी सिमांकन गरिदिनुहुन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका साथै नापी विभागलाईसमेत अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner